हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १४८ पृष्ठ : ४ २०७७ पुस १३ गते सोमबार (Monday 28 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

● सिरहा सदरमुकाममा जसपाको प्रदर्शन ●

## 'असंवैधानिक कदम विरुद्ध जसपाको आन्दोलन जारी रहने': वक्ताहरु

**बद्री नारायण यादव**

सिरहा । प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको असंवैधानिक कदम विरूद्ध जनता समाजवादी पार्टीले सदरमुकाम सिरहामा आइतबार नाराबाजी गर्दै र्‍याली प्रदर्शन गरेको छ ।

जिल्लाका विभिन्न गाउँ-गाउँबाट सदरमुकाम आएका पार्टीका नेता तथा कार्यकर्ताले पार्टी कार्यालयबाट निकालिएको जुलुस यहाँको मुख्य चौकहरूको परिक्रमा गर्दै कोणसभामा परिणत भएको थियो । क्याम्पस चौक, हेमनारायण चौक, इमली चौक, पिपल चौक, महावीर चौक हुँदै २ नम्बर सडक भएर सहिद राजेश ठाकुर पार्क पुगेर कोणसभा आयोजना गरिएको थियो ।

कोणसभामा वक्ताहरूले संविधानको हत्या गर्न खोजेकोले दवाबमूलक अभियान जारी राख्नुपर्ने बताए । संविधान सभा सदस्य सेवकी देवी दासले राष्ट्रपति विद्यादेवी भण्डारीले देशलाई द्वन्द्वमा पुर्‍याएको आरोप लगाईन् । संसद विघटन गर्नुपूर्व विज्ञसँग छलफल र परामर्श नगरेकोले राष्ट्रपतिले देशलाई कठिन मोडमा ल्याई पुर्‍याएको भन्दै सभासद दासले नारीले आफ्नो शक्ति प्रकट गर्ने बेलामा चुकेको बताईन् । कोणसभामा प्रदेश सभा सदस्य सुनिता मोचीले राष्ट्रपति भण्डारीप्रति तिखो आलोचना गरेकी थिईन् । महिलालाई बदनाम गर्नेगरी राष्ट्रपतिले भूमिका खेलेको भन्दै प्रदेश सभा सदस्य मोचीले आफूहरूलाई पार्टीले आदेश दिएमा राष्ट्रपति कार्यालयमै पुगेर आन्दोलन गर्ने चेतावनी दिईन् ।




असंवैधानिक कदम नसच्चिएसम्म आन्दोलन जारी रहने उनीहरूले बताएका छन् ।

कोणसभामा जिल्ला अध्यक्ष अशोक कुमार यादव, रामदियाल यादव, केन्द्रिय सदस्य अशेश्वर प्रसाद यादव, सिरहा नगरपालिकाका मेयर अशेश्वर

———बाँकी ४ पेजमा

## बोक्सीको आरोपमा संलग्न पक्राउ

लहान । बोक्सीको आरोपमा कुटपीट गरी ज्यान मारेको आरोपमा फरार एक जनालाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कर्जन्हा नगरपालिका-३ स्थित आफ्नै घरमा आफ्नै सासुआमा ८५ वर्षीया सुदामा देवी साहलाई बोक्सीको आरोप लगाई कुटपीट गरी ज्यान मारेको आरोपमा बुहारी मन्जुदेवी साहलाई प्रहरीले पक्राउ गरेको हो ।

———बाँकी ४ पेजमा




## वन्यजन्तु सालकसहित मोटरसाइकल नियन्त्रणमा

लहान । सशस्त्र प्रहरीले सिरहाको गोलबजार नगरपालिका-२ फतिङ्वाबाट वन्यजन्तु सालकसहित मोटरसाइकल नियन्त्रणमा लिएको छ ।



गोलबजारस्थित सशस्त्र प्रहरी बेसक्याम्पले सालक तस्करी हुँदै गरेको सूचनाको आधारमा स १० प ३३३० नम्बरको मोटरसाइकलसहित सालक नियन्त्रणमा लिएको हो । गस्ती टोलीलाई देखेपछि सालक तस्करीमा संलग्न मोटरसाइकल

———बाँकी ४ पेजमा






फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# प्रदेश २ ले लैंगिक हिंसा न्यूनीकरण र पीडितलाई सहयोग गर्न छुट्टै कानुन बनाउने



प्रदेश २ सरकारले लैंगिक हिंसा न्यूनीकरण तथा पीडितको सहायताका लागि छुट्टै कानुन बनाउने भएको छ । मुख्यमन्त्री लालबाबु राउत गद्दीले फरक लिंगको भएकै आधारमा हुने विभेद न्यूनीकरण तथा समस्यामा परेको अवस्थामा सहयोग गर्न कानुनी व्यवस्था र संयन्त्र अपरिहार्य देखिएको बताए ।

लैंगिक हिंसा न्युनीकरण एवं पीडितको सहायतामा एकीकृत प्रयासको अपरिहार्यता विषयक छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री राउतले तत्काल प्रदेश कानुन मन्त्रालय मार्फत कानुन बनाउने प्रक्रिया सुरू गर्ने आश्वासन दिए ।

'लैंगिक हिंसामा परेका पीडितहरूले न्यायका लागि लड्नुपर्दा विस्थापनको अवस्था आउँछ । त्यस अवस्थामा परिवारको साथ सहयोग नमिल्न सक्छ,' उनले भने, 'पीडितलाई न्याय दिलाउन र विस्थापनको अवस्थामा साथ दिन एउटा संयन्त्र बनाउनुपर्छ, आवश्यक पर्दा खर्च गर्न कोष हुनुपर्छ । ऐन, कानुन, निर्देशिका बनाएर संयन्त्र र स्थायी कोष नै खडा गर्छौं ।'

सामाजिक संरचनाले नै महिला बढी हिंसामा पर्ने गरेको भए पनि वैदेशिक रोजगारीका कारण पुरूष र तेस्रो लिंगीहरूले पनि विभिन्न दुर्व्यवहार भोग्नुपरेको मुख्यमन्त्री राउतको भनाइ छ ।

समाजमा विद्यमान लैंगिक हिंसालाई नियन्त्रण गर्न सबैभन्दा पहिले शिक्षामा जोड दिनुपर्ने उनको भनाइ छ । 'समाजमा रहेका लैंगिक हिंसालाई नियन्त्रण गर्नु छ, त्यसका लागि शिक्षामा जोड दिनुपर्छ, शिक्षामा जोड नदिइकन समाजमा परिवर्तन संभव छैन,' उनले भने, 'त्यसैले प्रदेश २ सरकारले बेटी पढाऊ, बेटी बचाऊ अभियान सञ्चालन गरेको हो । कतिपयले बेटी रहेगी तब न पढेगी भनेर प्रश्न पनि गर्छन् । तर नपढेकी छोरीभन्दा पढेको छोरीले धेरै कुरा बुझ्न सक्छिन्, अरूसँग लडेर एक्लै आत्मनिर्भर भएर बाँच्छिन् ।'

बेटी पढाउ, बेटी बचाउ अभियान मार्फत प्रदेशमा जन्मिएका हरेक छोरीलाई प्रदेश सरकारले तीन लाख र स्थानीय पालिकाबाट ३ लाख गरेर जन्मनेवित्तिकै ६ लाखको मालिक बनाउन लागेको उनले सुनाए ।

जिल्ला प्रहरी कार्यालय पर्सा, वीरगञ्ज लेडिज सर्कल र डेपुटी मेयर्स क्लबले संयुक्त रूपमा वीरगञ्जमा कार्यक्रम आयोजना गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय पर्साले गठन गरेको जिल्लास्तरीय लैंगिक हिंसा नियन्त्रण सञ्जालको कोषमा ५ लाख रूपैयाँको चेक हस्तान्तरण गरे । अन्य पालिकाका प्रमुख र रमेश पटेल लगायत केही प्रदेश सभा सदस्यले पनि कोषलाई रकम दिने आश्वासन दिएका छन् । सञ्जालको कोषमा क्रमशः ५ लाख, ४ लाख र ३ लाख रूपैयाँ जम्मा गरिदिन महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई आग्रह गरिएको थियो ।

# खड्ग प्रहारको चोटले रन्थनिएको मुलुक

**विनोद सिजापती**



प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको सामीप्यमा रहेका प्रशंसकहरूले भन्ने गरेको सुनिने गर्दथ्यो, 'पृथ्वीनारायण शाहले राष्ट्रको भौतिक एकीकरण गरे, राजा महेन्द्रले राष्ट्रियताको भाव जगाए ।' खड्गप्रसादको मिसन 'राष्ट्रवादको भाव उच्च राख्दै देशलाई समृद्ध तुल्याउने' थियो । राजा महेन्द्रप्रति उनै खड्गको आदर मापन गर्न कठिन छैन ।

यदि सम्भव हुँदो हो त तराजुको एउटा प्लेटमा पञ्चायतको अवसानपछि गरिएका समग्र गुणगान राख्ने र अर्को प्लेटमा विगत तीन वर्षयता गरिएका गुणगानहरूलाई राख्ने हो भने विगत तीन वर्षको वजन अत्याधिक धेरै हुन जानेछ । प्रजातन्त्र पुनर्स्थापनायता वर्षमा राजा महेन्द्रको संस्मरण पुस १ गतेका दिन हुने गर्दथ्यो । तिनले प्रजातन्त्रको भ्रूण हत्या गरेको दिनको सम्भनामा । खड्गको तीन वर्ष लामो शासनकालमा राजा महेन्द्रको राष्ट्रवादले पुनः गुमाएको स्थान पायो ।

**संयोगले कि नियोजित ?**

सेनाको सुप्रिम कमान्डर राजा महेन्द्रले पुस १, २०१७ सेना परिचालन गरेर सरकारको खारेजी तथा संसद् विघटनपूर्व नेपाल भ्रमणमा आएका भारतीय सेना प्रमुख जनरल के यस थिमयासँग राजाको गोप्य वार्तालाप भएको थियो, नारायणहिटी दरबारभित्र । षडयन्त्रविद्हरु सरकार अपदस्थ तथा संसद् विघटन गर्ने राजाको दुस्साहसलाई भारतको सहयोग रहेको लख काटिने गरिन्छ, त्यही कारण देखाएर ।

प्रधानमन्त्री खड्गप्रसादको संसद् विघटन सिफारिस तथा राष्ट्रपतिबाट लालमोहर लाग्ने पूर्वसन्ध्यामा १) बिना कुनै पूर्वसूचना दुई महिनाअघि (कात्तिक ५) पूर्वसूचना भारतीय अन्तर्राष्ट्रिय गुप्तचर संस्था रिसर्च एन्ड एनालेसिस विंग (रअ) प्रमुख सामन्तकुमार गोयल इन्डियन एयरफोर्सको विमानमा काठमाडौं अवतरण गर्छन् । राति तीन घण्टाभन्दा बढी लामो समय तिनको एक्ला एक्लै (बिना सहयोगी) भेटवार्ता हुन्छ, हाम्रा प्रधानमन्त्रीको बालुवाटारस्थित सरकारी निवासमा ।

२) मंसिर ६ गतेका दिन भारतीय सेना प्रमुख मनोजमुकुन्द नरवणे, जसले २०७७ जेठ २ मा नेपालको कालापानी–लिपुलेक क्षेत्र आफ्नो भएको दाबी गर्दा विगतको भारतकै परम्परा तथा पदीय मर्यादाविपरीत चीनको उक्साहटमा नेपाल सरकारले उठाएको पहलकदमी भनी वक्तव्य दिएका थिए । तिनैसँग पनि प्रधानमन्त्रीको लामै भलाकुसारी भएको थियो ।

३) मंसिर ३ का दिन हालसम्म खुलासा नगरिएको निमन्त्रणामा चिनियाँ रक्षामन्त्री वुई फ्याङ्हेको आगमन हुन्छ । चिनियाँ रक्षामन्त्रीसँग पनि प्रधानमन्त्रीको वार्तालाप भएको थियो ।

पूर्व भारतीय राजदूत के बी राजनको पुस ७ का दिन भारतीय दैनिक इकोनमिक टाइम्समा प्रकाशित लेखलाई आधार मान्ने हो भने चीनले नेपाल कम्युनिस्ट पार्टीलाई जोगाउन खोज्यो भारतबाट भने फुटाउने कार्य भएको बुझिन्छ , पुस ५ को घटना । चिनियाँ राजदूतको विगत केही महिनादेखि नेकपाका नेताहरूको घरदैलो गर्दै नेकपा अन्तर द्वन्द्व थामथुम पार्न गरिएका प्रत्यत्नहरूले पुष्टि गर्दछ ।

**राजा महेन्द्रको पदचिह्नहरु**

राजा महेन्द्रले प्रतिनिधिसभा विघटन गर्न पुस १ रोजेका थिए । ६ दशकपश्चात् प्रधानमन्त्री खड्गप्रसादले पुस ५ लाई रोजे । ओलीकै एक मन्त्रीका अनुसार पुस १ कै दिन विघटन गर्ने योजना थियो, तारतम्य नमिलेको कारण पुस ५ रोजियो । नेपाल अधिराज्यको संविधान २०१५ मा उल्लेख गरिएको धारा ५५ तथा ५६ (जसले राजालाई आपत्कालीन अधिकारहरूबाट सम्पन्न तुल्याएको थियो) प्रयोग गरेर संसद् विघटन तथा नेताहरूलाई थुन्ने कार्य गरे ।

प्रधानमन्त्री खड्गप्रसादले नेपालको संविधान २०७२ ले प्रधानमन्त्रीलाई संसद् भंग गर्न कतै नदिएको अधिकार प्रयोग गरेर संसद् विघटनको सिफारिस राष्ट्रपतिलाई गरे, जसलाई राष्ट्रपतिले लालमोहर लगाई दिइन । विडम्बना सरकार गठन गर्न असफल प्रमाणित भएको अवस्थाका निमित्त उपयोग गरिने धाराहरु ७६ तथा ८५ लाई टेकेर राष्ट्रपति निवासले अनुमोदन गऱ्यो । बिना कुनै समय खेर फालेर । विगतको परम्पराको हलावा दिँदै राष्ट्रपतिले संसद् भंग त गरिन्, तर राजा वीरेन्द्रले प्रधानमन्त्रीको संसद् विघटनको प्रस्तावहरुको स्वीकार गर्नुपूर्व परामर्श गर्ने गरेको हेक्कासमेत नराखी राष्ट्रपतिबाट 'विगतको हाम्रै अभ्यास'लाई साँची राख्ने कार्य भएको छ ।

सधैं जग हसाउन बतासे आश्वासन दिने प्रधानमन्त्रीले बारम्बार प्रकट गर्ने 'मलाई हटाउने प्रयास भयो भने यो कुर्सी भाँचिदिन्छु' सुप्रसिद्ध उक्तिलाई सफलतापूर्वक यथार्थमा परिणत गरेका छन् ।

राजा ज्ञानेन्द्रले दरबारका सचिवहरूद्वारा तयार पारिएको संसद् विघटन गर्ने प्रधानमन्त्री शेरबहादुर देउवाको प्रस्तावलाई मध्यरातमा लालमोहर लगाएको सम्झना गरेका छन्, पर्यवेक्षकहरूले । खड्गप्रसादको कदममा कुनै वैधता थियो भने तिनले आफैंले संसद् विघटन गरेको घोषणा गर्नुको साटो राष्ट्रपतिलाई प्रयोग गर्नु हो ।

**अन्तरदलीय षड्यन्त्र**

खड्गप्रसादले झेलेको जस्तै अवस्था कृष्णप्रसाद भट्टराईले पनि विगतमा भोगेका थिए । नेपाल कम्युनिस्ट पार्टीले (२०७४ आम निर्वाचनमा) अत्यधिक बहुमत पाउनुमा भावी प्रधानमन्त्री खड्गप्रसाद हुनेछन् भन्ने जनविश्वासको भूमिका अहम् थियो । जसरी २०५६ को निर्वाचनमा नेपाली कांग्रेसले भावी प्रधानमन्त्रीको कृष्णप्रसाद भट्टराई हुनेछन् भनेर जनविश्वास आर्जन गरेर संसद्मा बहुमत कायम गर्न सफल भएको थियो ।

वर्तमान प्रधानमन्त्रीलाई पुष्पकमल दाहालले सरह नै गिरिजाप्रसाद कोइरालाले कृष्णप्रसादबाट पदबहाली भएकै दिनदेखि बखेडा सुरू गरेका थिए । प्रधानमन्त्री कृष्णप्रसादले कांग्रेस पार्टीभित्रको अन्तरद्वन्द्वलाई चर्काउनुको साटो नौ महिना नपुग्दै राजीनामा दिएर पद त्याग गर्दै प्रतिद्वन्द्वी गिरिजाप्रसादलाई पदभार सुम्पिए । स्मरणहोस्, तिनले संसद् विघटन गर्ने प्रस्ताव राजाका सामु लैजानुको साटो प्रतिनिधिसभाको रोस्ट्रमबाटै राजीनामा घोषणा गरेका थिए । संसदीय प्रणाली भएका राष्ट्रहरूमा नयाँ जनादेश प्राप्त गर्न आवश्यक ठहर गर्ने प्रधानमन्त्रीहरुले राष्ट्राध्यक्षसमक्ष पेस गर्ने संसद् विघटन गर्ने प्रस्तावसँगै आफ्नो राजीनामा सामेल गर्थे । तर प्रतिनिधिसभा विघटनको सिफारिस गर्दा त्यो परम्परा तोडेका छन्, राजीनामाको 'र' पनि उच्चारण नगरीकन ।

**खड्ग प्रहारका नमेटिने घाउहरु**

प्रधानमन्त्रीको सिफारिसलाई सही ठहर गर्नेहरुको मतमा प्रधानमन्त्रीका निमित्त नयाँ जनादेश लिने सुविधा हुनुपदर्छ । उक्त सोच राख्नेहरूले अनादेखा गरेको वास्तविकता भनेको २०७२ को संविधानले संसदीय प्रणालीलाई 'परिमार्जित' भनेको छ । त्यसो गर्नुका कारण विगतको हाम्रो तीतो अनुभव हो ।

स्मरण रहोस् लोकतन्त्र पुनर्स्थापनापछि प्रथम निर्वाचित गिरिजाप्रसादको सरकारले संसद्मा अल्पमतमा परेपछि मात्र २०५१ असार २७ का दिन राजालाई आफ्नो राजीनामा स्वीकृत गरेर संसद् विघटन

———बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । मनमा भएको तनाव हटेर मन प्रसन्न हुनेछ । घरमा अतिथीको आगमन हुनेछ । पढाइमा प्रगति हुनेछ ।

**वृष** :- आजको दिनमा प्रतिष्ठित काम गर्ने मौका छ । आत्म-विश्वास बढ्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिथुन**:- आज आलस्य र थकानको अनुभूति हुनेछ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्नेछ । आर्थिक संकटले सताउनेछ ।

**कर्कट** :- बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । समय उत्साहवर्द्धक नै रहला ।

**सिंह**:- नयाँ-नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । आर्थिक पक्ष सुदृढ बन्नेछ ।

**कन्या** :- आज आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

**तुला** :- मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । मुद्दा मामिला आइलाग्नेछ ।

**वृश्चिक** :- मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । रमणीय र सुखद् यात्रा हुनेछ ।

**धनु** :- नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काममा हात हाल्ने समय छ । व्यवसायिक क्षेत्र लाभप्रद रहनेछ ।

**मकर**:- आज गरेका कामबाट राम्रै लाभ हुनेछ । मित्र वा आफन्तको सहयोगबाट मिल्नेछ । बौद्धिकताको विकास हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।

**कुम्भ**:- आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**मिन** :- अध्ययन-अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ । लाभदायक यात्रा रहनेछ ।

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
जिल्ला, सिरहा
प्रदेश नं. २ नेपाल
**सूचना प्रकाशित मिति:-२०७७/०९/१३**

# पोखरी ठेक्का वन्दोवस्ती सम्वन्धी सूचना

यस कार्यालयको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित पोखरीहरुको आ.व. २०७७/७८ को माघ १ देखी आ.ब.२०८०/८१ को पुस मसान्त सम्मको लागी ठेक्का वन्दोवस्ती शिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने भएकोले पोखरी ठेक्का लिन चाहने इच्छुक व्यक्ति, संघ संस्था, फर्म, कम्पनीले देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

## पोखरीहरुको विवरण

| क. सं. | पोखरीको नाम | साविक गा.वि.स. | हालको वडा नं. | साविक वडा नं. | कि.नं. | क्षेत्रफल | न्यूनतम ठेक्का अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | अर्नामा प्र.रा. | १ | १ख | २६ | ०-१२-० | १८८००० | |
| २ | | अर्नामा प्र.रा. | १ | ५ | २४४ | ०-४-० | १५५५५५५ | |
| ३ | | अर्नामा प्र.रा. | १ | १ख | ३८ | ०-३-१० | ७५०००।- | |
| ४ | | अर्नामा प्र.रा. | १ | १क | १११ | २-०-१२ | ६०००००।- | |
| ५ | | अर्नामा प्र.रा. | १ | ३ | ११२ | ०-९-० | १०५०००।- | |
| ६ | | अर्नामा प्र.रा. | १ | ४ | २०९ | १-१५-१५ | ३५८०००।- | |
| ७ | | अर्नामा प्र.रा. | १ | ४ | २३६ | ०-१८-१० | १५८०००।- | |
| ८ | | अर्नामा प्र.रा. | १ | ५ | २९ | १-२-५ | ५५५५५।- | |
| ९ | | अर्नामा प्र.रा. | १ | ६ | ९४ | ०-७-० | ५०५०००।- | |
| १० | | अर्नामा प्र.रा. | १ | ९ | १८४ | ०-१६-० | ७८००००।- | |
| ११ | मिथिलेश शाह बला पोखरी | इटारी प्रसाही | ७ | ३ | ४१७ | ०-४-५ | ३२०००। | |
| १२ | वडा कार्यालय निरको पोखरी | भोकाहा | ६ | | ५० | ०-११-११ | १५००००।- | |
| १३ | | भोकाहा | ६ | | १३१ | ०-५-३ | ५००००।- | |
| १४ | भोले साहु बाला | भेडिया | ७ | २ | १५ | १–५–३ | २५२५०० | |
| १५ | कुसैत बाला | भेडिया | ७ | ३ | २ | १-०-० | ५०००० | |
| १६ | थानबाला | भेडिया | ७ | ८ | १४६ | १-३-१५ | ९२५००० | |
| १७ | खपसाबाला | भेडिया | ७ | ८ | १४७ | ०-९-१० | ७३१५१ | |
| १८ | लक्ष्मणबाला | भेडिया | ७ | ८ | १९४ | १-०-० | ३५१००० | |
| १९ | | करून्याही | १० | ४क | २३१ | ०-८-० | १५१५००।- | |
| २० | | करून्याही | १० | ४क | ४३७ | ०-१२-० | २००१०५।- | |
| २१ | | करून्याही | १० | ९क | ६८ | ०-१९-५ | ५०५०००।- | |
| २२ | | कल्याणपुर | ११ | ५ | १४७ | १-१-१ | ६०५०००।- | |
| २३ | | कल्याणपुर | ११ | ८ | ९७ | ०-८-० | १०१५००।- | |

**शर्तहरू**

१. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन र संघ संस्था,फर्म,कम्पनीको हकमा म्याद रहेको दर्ता प्रमाणपत्र,मु.अ.कर प्रमाणपत्र र आ.व. २०७६/७७ को कर तिरेको रसिद र निवेदन सहित दस्तुर रु १०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सक्ने छ।

२. खरिद गरिएको फारम सुचना प्रकाशित मितिले १६ औ दिनसम्म दिनको १२ वजेसम्म यस कार्यालयको राजस्व शाखामा आफुले ठेक्का लिन चाहेको पोखरीको सम्पुर्ण विवरण ( सुचनामा उल्लेख भए वमोजिम पोखरीको नाम, वडा नं. ,किता नं., क्षेत्रफल समेत फारममा र खामको वाहिरपटी ) अनिवार्य लेखी सम्पुर्ण विवरण भरी वैक जमानत भौचर समेत संलग्न राखी खाम शिलवन्दी गरी दर्ता गराउनुपर्ने छ। रित नपुगेका,म्याद नाघी आएको वा खाम वाहिर/निवेदनमा तोकिए वमोजिम स्पष्ट व्यहोरा उल्लेख नगरेको दरभाउपत्र दर्ता हुने छैन वा अस्वीकृत गरिने छ।

३. दर्ता भएको शिलवन्दी दरभाउपत्रहरु १६ औ दिन दिनको २ वजे यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएपनि खोल्न वाधा पर्ने छैन। शिलवन्दी दरभाउपत्रहरु खोलिने समय हेरफेर पनि हुन सक्ने छ। हेरफेर हुने भएमा कार्यालयको सुचना पाटीमा टाँस गरी जानकारी गराइने छ।

४. शर्त न.१,२ र ३ मा उल्लेख भए वमोजिम अन्तिम दिन विदा परे सो कार्य विदा पश्चात कार्यालय खुल्ने दिन सोही समयमा हुने छ।

५. न्युनतम ठेक्का अंकमा उल्लेखित रकम पोखरीको न्युनतम ठेक्का अंक भएकोले दरभाउपत्रदाताले कवोल गर्दा सो रकम भन्दा कम हुने गरी कवोल गर्न पाइने छैन। आफुले कवोल गरेको रकमको २.५ (अढाई) प्रतिशतले हुने आउने रकम जमानत (विडवण्ड) वापत यस कार्यालयका नाममा राष्ट्रिय वाणिज्य वैंक सिरहामा संचालनमा रहेको धरौटी हिसाव नं. २१३००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर समेत शर्त न.२ वमोजिम पेश गर्नुपर्नेछ।

६. रित पुगेको र सवै भन्दा वढी रकम कवोल गर्ने दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत हुने छ। स्वीकृत भएको दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले स्वीकृत कवोल रकमको ५ प्रतिशतले हुन आउने परफरमेन्स वण्ड(जमानत) रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य वैंक सिरहामा संचालनमा रहको धरौटी हिसाव नं. २१३००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर पेश गरी कार्यालयले दिईएको म्याद र समय भित्र कवोल तोकिए वमोजिम सम्झौता गरि सक्नुपर्ने छ।

७. स्वीकृत भएको दरभाउपत्र पेश गरको दरभाउपत्रदाताले आफुले कवोल गरेको रकमको प्रथम किस्ता सम्झौता हुनुपुर्व,दोश्रो किस्ता २०७८ माघको पहिलो हप्ता र तेश्रो किस्ता २०७९ माघको पहिलो हप्तामा यस कार्यालयमा दाखिला गर्नुपर्ने वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य वैक सिरहामा संचालनमा रहेको आन्तरिक राजश्व खाता नं. २१३००३०१०१०००३ मा रकम दाखिला गरेको सक्कलै भौचर सम्झौता हुनुपुर्व पेश गर्नुपर्ने छ। कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी ठेक्का वन्दोवस्ती गरिने छ। ५ प्रतिशत जमानत रकम अन्तिम किस्तामा मिनहा गरिने छ।

८. यो सुचना कुनै कारणवश संशोधन गर्नुपरेमा वा केही कुरा थपघट गर्नुपरेमा सो सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

९. यस सम्वन्धमा थप कुरा वुझनुपरेमा यस कार्यालयको टेलिफोन नं. ०३३-४०३०६३ वा राजस्व शाखाको कर्मचारीको मोवाइल नं. ९८१९९६१८०५ मा सम्पर्क गरी वुझन सकिने छ।

१०. अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ।

**कल्याणपुर नगरपालिका,सिरहा**

# महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।

लहान नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

सुखीपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

## असंवैधानिक ...

प्रसाद यादव, औरही गाउँपालिकाका उपाध्यक्ष सिता यादव, बरियारपट्टी गाउँपालिकाका उपाध्यक्ष रेखा यादव, विष्णुपुर गाउँपालिका उपाध्यक्ष अरूहिलिया देवी सिंह, जसपा नेता किशोरी यादव, सूर्यकान्त यादव, रेनु यादव, त्रिपुरा झा, योगेन्द्र पासमान, चन्देश्वर पासमान, डा दिलिप सदा, विष्णु साह, जितेन्द्र चोरबार यादव, सूर्यकान्त यादव लगायत हजारौं नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

## वन्यजन्तु ...

छाडेर भागेका थिए । सालक दुर्लभ अति सङ्कटापन्न स्तनधारी वन्यजन्तु हो । यो बढी तस्करी हुने स्तनधारी जनावर मानिन्छ ।

सालकको खपटा चिनी रोगको औषधि, फिङ्गरप्रिन्टको केमिकल र मासु चिनियाँ परम्परागत औषधि बनाउन प्रयोग हुने र अन्तर्राष्ट्रिय बजारमा अत्यधिक माग हुने भएकाले यसको बढी तस्करी हुने गरेको बताइन्छ । बालीनालीको पहरेदार मानिने सालकले वर्षमा सात करोड कमिला र कीराफट्याङ्ग्रा खान सक्छ । वन्यजन्तुको अवैध व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले सालकको व्यापारलाई अपराध मानेको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनमा दुर्लभ तथा सुरक्षित वन्यजन्तुको ओखटोपहार राख्ने, खरीद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई रू पाँच लाखसम्म जरिवाना वा ५ देखि १५ वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ ।

सशस्त्र प्रहरी बल, सुरक्षा बेस क्याम्प गोलबजारले तस्करबाट नियन्त्रणमा लिएको सालक डिभिजन वन कार्यालय लहानलाई बुझाएको थियो । वन कार्यालयले लहान नगरपाकिला–१५ मा रहेको कोइरालो खोला सामुदायीक वन क्षेत्रमित्रै स्थापना गरिएको वन्य जैविक प्राणी उद्यान केन्द्रलाई जिम्मा लगाएको छ ।

उद्यानले अन्य वन्यजन्तुपनि संरक्षण गर्दै आएकाले सालक पनि भर्पाई गरी उनीहरूको जिम्मा लगाइएको डिभिजन वन कार्यालयले जनाएको छ ।

सालक तस्करीमा संलग्नले चलाएको मोटरसाइकल फेला परेकाले तस्करसम्म पुग्न कठिन नहुने वन कार्यालयले जनाएको छ ।

## बोक्सीको ...

अपमानजनक अमानवीय व्यवहार, कुटपिट गरी ज्यान मार्ने उद्योग समेत गरी घाईते भएको सुदामा देवि साहको उपचारको क्रममा क्रममा मृत्यु भएको थियो । पक्राउ परेकी मन्जुदेवी साहलाई आवश्यक कार्बाहीको लागी जिल्ला अदालत सिरहामा बुझाईएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## खड्ग ...

गर्न सिफारिस गरेका थिए । त्यसैगरी नेपाली कांग्रेसको समर्थनमा गठन भएको मनमोहन अधिकारी नेतृत्वको तक्कालिन एमाले सरकारलाई कांग्रेसले दिएको समर्थन फिर्ता लियो । त्यसपछि अल्पमतमा पारेको सरकारले जेठ ३०, २०५२ का दिन राजालाई प्रधानमन्त्री अधिकारीले राजीनामासहित संसद् भंग गरेर अर्को निर्वाचनकालागि सिफारिस गरेका थिए ।

उक्त प्रस्तावलाई प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले बदर गरिदिए । बदर गर्नुको प्रमुख कारण छिटो–छिटो चुनावहरु सम्पन्न गर्दा मुलुकको अर्थतन्त्रले धान्न नसक्ने कारण देखाइएको थियो । विचार गरौं प्रत्येक पटक सरकार संसद्मा अल्पमतमा पर्नासाथै राष्ट्र चुनावतर्फ लागेको भए हामीले विगत ३० वर्षको अवधिमा कतिवटा संसदीय चुनावहरु गर्नुपर्ने थियो ? थप चुनाव खर्च के कति हुनेगर्छ, त्यसको अन्दाजसम्म गर्न पनि कठिन अवस्था छ, यकिन गर्न त सकिँदैन । जुन मुलुकमा नागरिकहरु बिरामी हुनेभन्दा बिरामी हुँदा आइपर्ने खर्चले त्रसित छन् त्यहाँ हुने खर्चिलो चुनावले नागरिकलाई कसरी आवश्यक सेवा पुऱ्याउने ?

मतदाताको विश्वास जितेको नेकपा अब विघटीत भइसकेको छ । आउँदा दिनहरूमा राजनीति अत्यन्त तरल रहिरहने प्रायः निश्चित छ । प्रधानमन्त्रीको कदमले देशलाई फेरि चरम अन्योल, अस्थिर तथा अनिश्चित भविष्यतर्फ घचेटेको छ । जे जस्ता विकास निर्माणका कार्यहरु हुँदै गरेका थिए ती पनि सबै अवरूद्ध हुनेछन् । कोभिड महामारीले तहसनहस जनजीवन र राष्ट्रिय अर्थतन्त्र थला परिसकेको छ । संघीयदेखि स्थानीय सरकारहरुमा नेकपाको जबर्जस्त वर्चस्व थियो । पार्टी विभाजनले नयाँ ध्रुवीकरण तथा समीकरणलाई तीव्रता दिने नै छ । हाम्रो जस्तो अवसरवादी राजनीतिक नेतृतव हाबी भएको मुलुकमा आउँदा दिनहरूमा अंकगणीतय 'पर्मुटेसन र कम्बिनेसन'को चक्रब्यूहले गर्दा सर्वत्र लथालिंग हुनेछ ।

पुस ५ गतेको कदमलाई लिएर संविधानविद्हरु दुई खेमामा विभक्त भएका छन् । एकथरी संसद्को विघटन संविधानसम्मत नभएको हुनाले गर्दा यस निर्णयको अवज्ञाको वकालत गर्दैछन् । अर्काथरी भने सर्वोच्चमा मुद्दा दायर भइसकेको हुनाले न्यायालयको निर्णय कुर्नु उत्तम विकल्प ठान्छन् । राजनैतिक वृत्त भने तीन खेमामा विभाजित देखिन्छ ।

**क) अवैध घोषणाको विरोध गर्दै संसद् सञ्चालन गर्ने,**

**ख) सर्वोच्च अदालतको निर्णयलाई कुर्ने र**

**ग) सडक तताउँदै अदालतलाई समेत प्रधानमन्त्रीको सिफारिस तथा राष्ट्रपतिको स्वीकृतिको विरोधमा निर्णय गर्न राप तथा ताप थप्ने ।**

उसै पनि निधो अर्थतन्त्रलाई विना पूर्वतयारी खर्च गर्ने, प्राथमिकताका क्षेत्रहरूमा स्रोत साधनहरूको परिचालन नगर्ने, जुनसुकै अवसरलाई पनि आफ्नो स्वार्थपूर्तिका निमित्त उपयोग गर्ने तथा राष्ट्रिय ढुकुटीमा सञ्चित धनलाई छर्नेजस्ता खड्गप्रसादका कार्यहरूले अर्थतन्त्रलाई थिलथिलो तुल्याएको छ ।

कोभिड–१९ महामारीको प्रकोप खेपिराखेको अवस्थामा नागरिकहरूलाई सडकतर्फ निस्किन बाध्य तुल्यादा रोग फैलावट अनियन्त्रित हुने प्रबल सम्भावना छ । अस्थिर राजनैतिक प्रकोपको मारमा स्थानीयदेखि प्रान्तीय हुँदै संघीय सरकारहरु पर्नेछन् । प्रशासन संयन्त्र लथालिंग हुने पनि निश्चित छ । धन्य तिनको कोपभाजबाट सुरक्षा निकाय खासगरी सेना बच्न सकेको अवस्था देखिन्छ ।

सधैं जग हसाउन बतासे आश्वासन दिने प्रधानमन्त्रीले बारम्बार प्रकट गर्ने 'मलाई हटाउने प्रयास भयो भने यो कुर्सी भाँचिदिन्छु' सुप्रसिद्ध उक्तिलाई सफलतापूर्वक यथार्थमा परिणत गरेका छन् । तिनको यस सफलताको अचानोमा मुलुक परिणत भएको छ । आफू बसेको कुर्सीको गरिमा उच्च कायम गर्ने जिम्मेवारी पाएका व्यक्ति त्यही कुर्सी भाँच्न पुरूषार्थ ठान्ने परिप्रेक्ष्यमा राष्ट्रका निमित्त अस्थिरताको भुँमरीमा जाकिनुको अर्को विकल्प के नै हुन सक्छ र ? *इकागजबाट*


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा






लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)